# सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा

## कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्ड ४)** **सङ्ख्या : ३८** **प्रकाशित मिति : २०७९/०६/१०**


## भाग–२

## मेशिनरी औजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७९

स्वीकृत मितिः २०७९/०६/०६

प्रमाणीकरण मितिः २०७९/०६/०८

**प्रस्तावना** :

सिद्धिचरण नगरपालिकामा रहेको, नगरपालिकाले खरिद गरेको, नगरपालिकाले खरिद गरि प्राप्त हुने वा अन्य श्रोतबाट नगरपालिकालाई प्राप्त हुने मेशिनरी औजार विभिन्न व्यक्ति, संस्था, समिति र नकायलाई भाडामा उपलव्धा गराउदाँ अवलम्वन गनुर्नपर्ने विधि र प्रक्रयाललाई व्यवस्थीत र प्रभावकारी वनाई संचालन गर्नेका लागि नेपालको संविधानको धारा २२६ तथा स्थानिय सरकार संचाललन ऐन २०७४ को दफा १०२ बमोजिम सिद्धिचरण नगरपालिकाले मेशिनरी औजार संञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ तर्जमा गरी लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क)यो कार्यविधिको नमा मेशिनरी औजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ रहेको छ ।

(ख) यो कार्यविधि सिद्धिचरण नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यविधि" भन्नाले यस नगरपालिकाको मेशिनरी औजार संञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ बुझनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले यस सिद्धिचरण नगरपालिकालाई बुझ्नु पर्दछ ।

(ग) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन बुझ्नुपर्छ ।

(घ) "कोष" भन्नाले सिद्धिचरण नगरपालिका यस कार्यविधि बमोजिम गठन गरिएको मेशिनरी औजार सञ्चालन तथा व्यवस्थापन कोष बुझ्नु पर्दछ ।

(ङ) "मेशिनरी औजार" भन्नाले विकास निर्माण सम्वन्धी काम गर्ने प्रयोग गरिने नगरपालिकाको स्वमिन्तवमा रहेको लोडर, डोजर, ट्रक, ट्याक्टर, एक्साभेटर, ज्याक, क्रेन, कम्प्याकटर, मिक्चर जस्ता मेशिनरी उपकरणलाई जनाउछ ।

(च) "धरौटी" भन्नाले काम नसकिएसम्म जमानत वापत राखीएको रकमलाई जनाउदछ ।

३. **कार्यविधिको उद्धेश्य :** यस कार्यविधिको उद्धेश्य देहाय वमोजिम हुनेछ :

(क) नगरपालिकाको स्वामित्वमा रहेको मेशिनरी औजारको उच्चतम सदुपयोग गर्ने

(ख) नगरपालिकाको मेशिनरी औजारलाई मितव्यायी र पारदर्शी तवरले संचालन गरी नगरपालिकाको आन्तरीक आम्दानी बृद्धि गर्ने तथा जनतालाई अत्याधिक मात्रामा सेवा दिई विकास निर्माण कार्य सहज र प्रभावकारी बनाउने

(ग) नगरपालिकाको संस्थागत क्षमता विकास, आयोजना व्यवस्थापन र

वितीय अनुशासन कायम गर्ने

(घ) मेशिनरी औजारलाई कुशलता पुर्वक सञ्चालन गर्ने

**४. मेशिनरी औजार प्रयोगको क्षेत्र र प्राथमिकता :**

(क) मेशिनरी औजार दवी प्रकोप, फोहोरमैला व्यवस्थापन र विकास निर्माण सम्वन्धी कार्यमा प्रयोग गरिनेछ

(ख) देहायको प्राथमिकता वमोजिम मेशिनरी औजार प्रयोग गरिनेछ:

- दैविक प्रकोप उद्धार
- नगरपालिकावाट सञ्चालन भएका विकास आयोजना
- उपभोक्ता समितिबाट कार्यान्वयन गरिएका विकास आयोजना
- नगरपालिका क्षेत्र भित्र सरकारी, गैर सरकारी क्षेत्रवाट सञ्चालित विकास आयोजना
- नगरपालिका क्षेत्र भित्र सञ्चालीत अन्य विकास आयोजनाका व्यवसायी तथा निर्माणकर्मी
- नगरपालिका भित्रका अन्य व्यक्ति
- जिल्ला भित्रका अन्य व्यक्ति

**५. सञ्चालनका लागि जनशक्ती व्यवस्थापन :**

(क) मेशिनरी औजार सञ्चालन गर्नका लागि प्रति औजार एक जना चालक र एक जना सहयोगीको व्यवस्था गरिनेछ ।

(ख) चालक र सहयोगीको पारिश्रमिक तथा सुविधा करार सम्झौता निर्धारण भए बमोजिम हुनेछ ।

**६. भाडा निर्धारण:**

मेशिनरी औजारको भाडादर निर्धारण सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछ :

| | |
|---|---|
| राजश्व परामर्श समितिको संयोजक | - संयोजक |
| आर्थीक विकास समितिको संयोजक | - सदस्य |

लेखा शाखा प्रमुख - सदस्य

पूर्वाधार शाखा प्रमुख - सदस्य

निर्माण व्यवसायी संघको प्रतिनिधि - सदस्य

राजश्व शाखा प्रमुख - सदस्य सचिव समितिवाट सिफारिस भएको भाडादर नगरसभाबाट स्वीकृत भए पछी लागु हुनेछ ।

**७. मेशिनरी औजार भाडामा दिदाँ अपनाउनुपर्ने निर्देशिका :**

(क) भाडामा लिन चाहाने व्यक्ती, संघ, संस्था, फर्म तथा कम्पनीले तोकीएको दररेटमा धरौटी स्वरुप नगरपालिकामा नगदै जम्मा गरेको धरौटी रसिद वा नगरपालिकाको नाममा नगदै वा नगरपालिकाको खातामा रकम जम्मा गरेको बैङ्क भौचर सहित अनुसुची १ बमोजिमको ढाँचामा नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

ख) नियमानुसार प्राप्त हुन आएका निवेदनको आवश्यकता,प्राथमिकता र औचित्यतताका आधारमा प्रमुख प्रशासकीय अधिकृतले भाडामा दिने सम्बन्धी अन्तिम निर्णय हुनेछ ।

ग) भाडामा दिदा धरौटी बापत लिएको रकमले मेशिनरी औजार सन्चालन गर्दा अपुग हुन आउने रकम भाडामा लिने पक्षले नगरपालिकामा जम्मा गर्नुपर्नेछ ।

घ) नगदै रकम जम्मा गरेको वा बैंकमा रहेको तोकिएको खातामा जम्मा गरेको धरौटी रकम तोकिएको समयवधि भन्दा कमको परिमाण अनुसारको करको दर कट्टा गरी बाँकी रकम फिर्ता गरिनेछ ।

ङ) धरौटी वापत जम्मा भएको रकमले सो भन्दा बढि कुनै पनि मेशिनरी औजार कार्य प्रक्रिया अगाडि वढाउन बाध्य हुने छैन ।तर कार्यालयमा आई वा कार्यालयका प्रतिनिधीलाई धरौटी वापत थप

रकम बुझाएमा कार्य सुचारु गर्न सकिने छ ।सो कुराको जानकारी कुनै पनि संरचनाको माध्यमबाट तुरुन्त कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

च) कार्यालयको अनुमति नलिई चालकले कुनै कार्य प्रकृया अगाडि बढाएमा चालकबाटै सरकारी बाँकी सरह असुल उपर गरी चालकलाई विभागीय कारवाही गरिनेछ ।

ज) मेसिनरी औजार भाडामा लिन चाहने व्यक्ति, संस्था, फर्म, उपभोक्ता समिति, कम्पनी वा प्रोपाइटारले भाडामा लिदा नगरपालिका कार्यालय वा मेशिनरी औजार रहेकै स्थानबाट भाडादर गणना गरिने छ ।

झ) मेसिनरी औजार मर्मत तथा सन्चालनका लागि छुट्टै कोषको व्यवस्था गरिनेछ ।मेसिनरी औजार छुट्टै बेग्लै खाता सन्चालन गरिनेछ ।उक्त खातामा मेसिनरी औजार भाडामा दिदा प्राप्त भएको आयलाई जम्मा गरिनेछ ।उक्त खाता प्रमुख प्रशाकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

ञ) चालकले प्रत्येक घण्टाको लग बुक तयार गर्नुपर्नेछ ।कार्यस्थलमा काम गर्दा बढि काम गरी कम काम देखाउन तोकिएको भन्दा बढि काम गरी कुनै तरिकाले यस कार्यविधिको मर्म विपरित हुने गरी प्रलोभन, मोलाईजा, धम्की वा कसैको डर धम्कीमा परि तोकिएको समय भन्दा बढि सन्चालन गरेमा वा गर्न दिईएमा त्यस्तो कार्यलाई गम्भिर अपराध मानी प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ ।

ट)नगरपालिकाले मेशिनरी औजारको विमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**<u>मेसिनरी औजार संचालन कोष</u>**

नगरपालिकामा एक मेसिनरी औजार संचालन कोष रहने छ ।उक्त कोषमा

मेसिनरी औजार भाडामा दिदा प्राप्त भएको रकम जम्मा गरिनेछ । उक्त कोषमा जम्मा भएका रकम तपसिलका शिर्षकमा खर्च गरिनेछ ।

क) चालक र सहयोगीलाई दिने तोकिए अनुसारको तलब भत्ता रकम

ख) ईन्धन खर्च

ग) मेसिनरी औजार, उपकरण पार्टपुर्जाको मर्मत तथा खरिद कार्य

घ) मेसिनरी संचालन

## सेवा बिक्री शुल्क/दस्तुर

## सेवा बिक्री

| | |
|---|---|
| कार्यालयको टिपर भाडा:<br>• फोहर ढुवानी प्रयोजन प्रति कि. मि<br>• फोहर संकलन तथा ढुवानी प्रयोजन २ जना जनशक्ति सहित प्रति घण्टा | २२०<br>३३० |
| व्याक होई लोडर भाडा:(कार्यालयको व्याक होई लोडरको दैनिक भाडा दर):-<br>• मेशिन भाडामा लैजाँदा स्टार्ट भएको समयबाटै प्रति घण्टा(ईन्धन बाहेक)<br>• मेशिन भाडामा लैजाँदा स्टार्ट भएको समयबाटै प्रति घण्टा(ईन्धन सहित)<br>• अपरेटर र सहयोगि भत्ता मेशिन स्टार्ट भएको समयबाटै प्रति घण्टा(मेशिन स्टार्ट भएको समय गणना गर्दा जुन स्थानबाट मेशिन स्टार्ट गरिएको हो सो स्थानबाट गएको र सोही स्थान सम्म आईपुगेको समय समेत गणना गरिने) | १४३०<br>२५३०<br>२२० |
| • कार्यालयको रोलरको दैनिक भाडा दर (अपरेटर सहित ईन्धन बाहेक)<br>• अपरेटर भत्ता दैनिक (८ कार्य घण्टालाई १ दिन गणना गरिने) | ८८००<br>१७६० |

अनुसूची -१

**श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**सिद्धिचरण नगरपालिकाको कार्यालय,**
**ओखलढुंगा ।**

**विषय : मेसिनरी औजार उपलब्ध गराईपाउँ ।**

महोदय,

प्रस्तुत विषयमा ताहाँ कार्यालयमा रहेको मेसिनरी उपकरण ................................मिति: .................................................... करिव................ घण्टाका लागि नगरपालिका नियमानुसार उपलब्ध गराईदिन हुन अनुरोध गर्दछु ।

**निवेदक**

नाम:

ठेगाना:

मोबाईल नं:

हस्ताक्षर:

**आज्ञाले**

बलराम लम्साल

प्रमुख प्रशासकीय अधिकृत